# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१–४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष ११ | अंक ३३३ | काठमाडौं | शनिबार, १६ चैत २०८१ | Prabhab National Daily | Saturday, March 29, 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।–


# अराजक बन्यो राजावादीको आन्दोलन

## ▌पत्रकारसहित दुई जनाको मृत्यु, ३५ जना घाइते

## ▌निजी सम्पत्तिमाथि तोडफोड र आगजनी

■ प्रभाव संवाददाता

**काठमाडौं–** प्रमुख प्रतिपक्षी दल नेकपा माओवादी केन्द्रको नेतृत्वमा रहेको समाजवादी मोर्चाको प्रदर्शनलाई छायामा पार्नेगरी राजावादीको प्रदर्शनले 'अराजक' रूप लिएको छ । शुक्रबार काठमाडौंको तीनकुने केन्द्रित प्रदर्शन अराजक बनेको हो । दिउँसो १ बजेबाट सुरु भएको आन्दोलन बिथोलिएपछि प्रदर्शनका कमाण्डर दुर्गा प्रसाईं गाडीमा प्रहरी घेरा तोडेर भागेका थिए ।

प्रदर्शनले अराजक रूप लिनुमा आन्दोलनका कमाण्डर प्रसाईं जिम्मेवार रहेको गृह मन्त्रालयले ठहर गरेको छ । शुक्रबार साँझ मन्त्रालयमा आयोजित पत्रकार सम्मेलनमा गृहप्रवक्ता रामचन्द्र तिवारीले भने, 'हामीले पाएको जानकारीअनुसार आन्दोलनको नेतृत्व दुर्गा प्रसाईंले गरेको हुनाले उहाँ नै मूलभूतरूपमा यो घटनाप्रति जिम्मेवार हुनुहुन्छ ।'

### प्रहरीको कमजोरी

शुक्रबारको घटनामा प्रहरीको लापरबाही देखिएको विभिन्न घटनाक्रमले पुष्टि हुन्छ । प्रधानमन्त्री केपी शर्मा ओलीले आन्दोलनलाई कम आँक्दा यस्तो भएको बताइन्छ । शान्तिपूर्णरूपमा प्रदर्शनमा आएको राजावादी समूहलाई कार्यक्रम र भाषण नै गर्न नदिएपछि उक्त घटना भएको देखिन्छ ।

⏭ क्रमशः पृष्ठ २ मा







## आन्दोलनकारीले आगो लगाएको घरभित्रै जले पत्रकार सुरेश रजक



राजावादी समूहको हिंसात्मक आन्दोलनमा एक जना पत्रकारले ज्यान गुमाएका छन् । तीनकुनेमा आन्दोलनकारीले आगो लगाएको भवनभित्र जलेर पत्रकार सुरेश रजकको मृत्यु भएको हो । एभिन्यूज टेलिभिजनका फोटो पत्रकार रजक भवनको छतबाट दृश्य खिचिरहेका बेला आगलागीमा परेका थिए ।

उक्त भवनमा प्रहरी बसेको आरोप लगाउँदै राजावादी समर्थक प्रदर्शनकारीले आगो लगाएका थिए, जसका कारण उनी जिउँदै जलेका हुन् । आगलागी नियन्त्रणमा आएपछि साँझमात्र भवनबाट उनको शव जलेको अवस्थामा फेला परेको हो । उनका सहकर्मीहरूले उद्धारका पटक-पटक अनुरोध गर्दा पनि प्रहरीले बेवास्ता गरेको बताएका छन् ।

त्यसैगरी कीर्तिपुर नगरपालिका-४ घर भएका सविन महर्जनको मृत्यु भएको गृह मन्त्रालयका सहसचिव छवि रिजालले जानकारी दिए । २९ वर्षीय महर्जन दुर्गा प्रसाईं नेतृत्वको 'राष्ट्र, राष्ट्रियता, धर्म, संस्कृति र नागरिक बचाऊ महाअभियान' र नवराज सुवेदी नेतृत्वको 'राजसंस्था पुनर्स्थापनाका लागि संयुक्त जनआन्दोलन समिति'ले आयोजना गरेको प्रदर्शनमा सहभागी थिए ।

गृह मन्त्रालयले व्यवस्था विरोधी राजावादी समूहले गरेको प्रदर्शनका क्रममा भएको झडपमा १२ जना सुरक्षाकर्मी घाइते भएका जानकारी दिएको छ । यस्तै प्रदर्शनकारीतर्फ पनि २३ जना घाइते भएको विवरण प्राप्त भएको गृह मन्त्रालयले शुक्रबार साँझ गरेको पत्रकार सम्मेलनमा जानकारी गराएको छ ।

## दोषीलाई कारबाही गर्ने मन्त्रिपरिषद्को निर्णय

सरकारले शुक्रबार राजावादी समूहले गरेको प्रदर्शनका क्रममा भएका हिंसात्मक घटनाको छानबिन गरी दोषीलाई कारबाहीको दायरामा ल्याउने निर्णय गरेको छ । शुक्रबार राति बालुवाटारमा बसेको मन्त्रिपरिषद्को आकस्मिक बैठकले यस्तो निर्णय गरेको हो ।

बैठकपछि सरकारका प्रवक्ता एवं सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले शुक्रबारको घटना खेदजनक भएको बताए । उनले आगामी दिनमा यस्ता घटना हुन नदिन गृह मन्त्रालयलाई निर्देशन दिने निर्णय गरेको जानकारी दिए । त्यस्तै, घटनामा मृत्यु भएकाहरूप्रति श्रद्धाञ्जली व्यक्त गरेको तथा घाइतेहरूको निःशुल्क उपचार गराउने पनि निर्णय गरेको उनले बताए ।

## हिंसा भड्किएपछि कर्फ्यु

राजावादी समूहको प्रदर्शन हिंसात्मक भएसँगै जिल्ला प्रशासन कार्यालय, काठमाडौंले कर्फ्यु लगायो । लगत्तै कोटेश्वर क्षेत्रमा सेना खटाइयो ।

जिल्ला प्रशासन कार्यालय काठमाडौंले सुरुमा शुक्रबार अपराह्न ४:२५ बजेदेखि राति १० बजेसम्म विभिन्न स्थानमा लागू गरेको कर्फ्यु राति पुनः समय थप गर्दै शनिबार बिहान ७:०० बजेसम्म लम्ब्याएको छ । कर्फ्यु गौशाला चोकदेखि एयरपोर्ट, गैरीधारा, तीनकुने हुँदै कोटेश्वर, कोटेश्वरदेखि जडीबुटी पुल, कोटेश्वरबाट बालकुमारी पुलसम्म, बानेश्वरदेखि शंखमुल पुलसम्म र गौशाला चोकदेखि पुरानो बानेश्वर हुँदै नयाँ बानेश्वर चोकसम्म जारी गरिएको थियो ।

⏭ क्रमशः पृष्ठ २ मा

## चौतर्फी विरोध

राजावादी आन्दोलनले हिंसात्मक रूप लिएपछि यसको चौतर्फी विरोध सुरु भएको छ । सत्तारुढ दलहरू नेपाली कांग्रेस र नेकपा एमाले तथा समाजवादी मोर्चाले छुट्टाछुट्टै विज्ञप्ति जारी गर्दै यस घटनाको निन्दा गरेका छन् ।

कांग्रेस महामन्त्रीद्वय गगनकुमार थापा र विश्वप्रकाश शर्माले संयुक्त विज्ञप्तिमार्फत नागरिकमा रहेका कयौं असन्तुष्टिको हल वर्तमान संविधानभित्रैबाट सम्भव रहेको उल्लेख गर्दै नागरिकको भावना दृष्टिगत गरेर निरन्तरतामा नवीनता दिन दृढ ढंगले प्रतिबद्ध रहेको उल्लेख गरेका छन् । कांग्रेसले कमजोरीको निदान खोज्न र समाधान पहिल्याउन दृढ रहेको उल्लेख गर्दै समाजले अपेक्षा गरेका परिवर्तनका सबै आकांक्षा सम्बोधन यही संविधानको दायराभित्रैबाट क्रमशः गर्न सकिने जनाएको छ ।

⏭ क्रमशः पृष्ठ २ मा

## मिश्र र राणा पक्राउ प्रसाईं भूमिगत



राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का वरिष्ठ नेता रविन्द्र मिश्र र महामन्त्री धवलशमशेर राणा पक्राउ परेका छन् । प्रहरीले शुक्रबार राति उनीहरूलाई नियन्त्रणमा लिएको हो । उपत्यका प्रहरी प्रमुख एआइजी

⏭ क्रमशः पृष्ठ २ मा

मानवअधिकार आयोगको निष्कर्ष–

## राजतन्त्र समर्थकको आन्दोलन हिंसात्मक




**काठमाडौं (प्रस)–** राष्ट्रिय मानवअधिकार आयोगले आन्दोलनरत पक्षलाई हिंसात्मक गतिविधि बन्द गर्न आग्रह गरेको छ । आयोगका प्रवक्ता डा. टीकाराम पोखरेलले शुक्रबार जारी गरेको विज्ञप्तिमा आन्दोलरत पक्षलाई आफ्ना प्रदर्शन र कार्यक्रमलाई शान्तिपूर्ण बनाउन आग्रह गर्दै हिंसात्मक गतिविधि बन्द गर्न अनुरोध गरेका हुन् ।

उनले कुनै पनि बहानामा हिंसात्मक गतिविधि र अरुको अधिकारको उपभोगमा अवरोध गर्ने कार्य स्वीकार गर्न नसकिने भन्दै सरकारलाई हिंसात्मक कार्यमा संलग्न जोकोहीलाई कानुनी दायरामा ल्याइ कारबाही गर्न आग्रह गरेको छ । 'समाजवादी मोर्चामा संलग्न विभिन्न राजनीतिक दल र राजतन्त्र समर्थक विभिन्न राजनीतिक दल र संगठनहरूले आज चैत १५ गते उपत्यकामा गरेको प्रदर्शन र आमसभाको आयोगले चारवटा उच्चस्तरीय टोलीहरू बनाइ अनुगमन गरेको थियो,' उनले भनेका छन्, 'काठमाडौंको तीनकुनेमा राजतन्त्र समर्थकद्वारा भएको प्रदर्शन र आमसभा हिंसात्मक हुन पुगेको अनुगमनबाट पाइएको छ ।'

आयोगले अनुगमन गर्दा प्रदर्शनकारी तीनकुनेबाट प्रहरीको घेरा तोडी निषेधित क्षेत्र नयाँवानेश्वरतर्फ प्रवेश गर्न खोज्दा प्रदर्शनकारी र सुरक्षाकर्मीबीच झडप भएको, प्रदर्शनकारीले प्रहरीमाथि ढुंगा प्रहार गरेको, व्यक्तिको घरमा ढुंगा हान्ने र आगजनी गर्ने काम गरेको पाइएको जनाइएको छ ।

आयोगले झडपमा परी प्रहरी र प्रदर्शनकारी दुवैतर्फ घाइते भएका, प्रदर्शनकारीले तीनकुने क्षेत्रमा सञ्चारमाध्यमका भवन, कलेजका भवन, तथा व्यक्तिगत घरमा आगजनी

⏭ क्रमशः पृष्ठ २ मा

## व्यवस्था जोगाउन समाजवादी मोर्चाको शक्ति प्रदर्शन

■ जेबी योञ्जन

**काठमाडौं–** गणतन्त्रको रक्षा गर्न भन्दै समाजवादी मोर्चाले राजधानीमा बृहत् प्रदर्शन गरेको छ । वर्तमान व्यवस्थाविरुद्ध राजावादीहरूले सक्रियता बढाएपछि मोर्चाले त्यसको प्रतिरोधमा शुक्रबार शक्ति प्रदर्शन गरेको हो । भृकुटीमण्डपमा आयोजित प्रदर्शनमा हजारौंको सहभागिता थियो । मोर्चामा नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी पार्टी, नेपाल कम्युनिस्ट पार्टी र नेपाल समाजवादी पार्टी आबद्ध छन् ।

बृहत् जनसभालाई सम्बोधन गर्दै पूर्वप्रधानमन्त्रीसमेत रहेका माओवादी अध्यक्ष पुष्पकमल दाहालले जनताको संघर्षको बलमा प्राप्त उपलब्धिलाई कमजोर पार्न नदिइने स्पष्ट पारे । 'संघीय लोकतान्त्रिक गणतन्त्र हजारौं सहिद र बेपत्ता योद्धा तथा लाखौं नागरिकको सपना हो, यसलाई कमजोर पार्न दिइने छैन,' अध्यक्ष दाहालले भने, 'सामन्ती व्यवस्थाका अवशेषविरूद्ध आन्दोलनको नेतृत्व गर्ने मोर्चाको संकल्प छ ।' गणतन्त्रवादीले गरेको कमीकमजोरीका कारण प्रतिक्रियावादीले केही लाभ लिएको उल्लेख गर्दै वर्तमान सरकारले आफ्नो कार्यशैली सुधारेर जनपअपेक्षा पूरा गर्नतर्फ केन्द्रित हुन सुझाव दिए ।

उनले राजसंस्था पक्षधरलाई 'मण्डले' भन्दै उनीहरूलाई सडकबाटै जवाफ दिने बताए । राजावादीहरूले गरेको गुण्डागर्दीलाई छुट नदिइने पनि उनले बताए । 'मण्डले (राजावादी)ले गरेको गुण्डागर्दीलाई छुट दिने छैनौं । आफ्नै दुई-चार जना मरे पनि मरून् भनेर लागेका छन् । त्यो कुराको छुट हुँदैन,' उनले भने । दाहालले राजावादीहरूले अराजकता मच्चाउन खोजेको 'मण्डलेहरू कस्ता हुन्छन् भनेर थाहा पाउन कतै जानु पर्दैन । तीनकुनेको हर्कत हेरे पुग्छ, उनीहरू कस्तो व्यवस्था चाहन्छन् भन्ने,' उनले भने । उनले राजावादीहरूको आमसभा अराजकतामा परिणत भएको बताए । '१२ वर्ष ढुंग्रामा हाले पनि कुकुरको पुच्छर बांगो भनेझैं मण्डलेको आमसभा अराजकतामा परिणत भएको छ । मण्डलेले आतंक सिर्जना गर्न खोजेका छन् । प्रहरीमाथि ढुंगामुढा गरेका छन्,' उनले भने ।




> संघीय लोकतान्त्रिक गणतन्त्र हजारौं सहिद र बेपत्ता योद्धा तथा लाखौं नागरिकको सपना हो, यसलाई कमजोर पार्न दिइने छैन ।
>
> ■ **पुष्पकमल दाहाल**
> अध्यक्ष, नेकपा माओवादी केन्द्र

> वर्तमान व्यवस्थामा कमी कमजोरी भएका होलान् तर इतिहास फर्किंदैन । पूर्वराजा ज्ञानेन्द्रले हेक्का राखे हुन्छ ।
>
> ■ **नेत्रविक्रम चन्द**
> महासचिव, नेकपा

> राजतन्त्र फर्किने कुरा कल्पनाभन्दा बाहिरको हो । पञ्चको शासन ल्याउने कुचेष्टा गर्नेले नराम्रो परिणाम भोग्न तयार हुनुपर्छ ।
>
> ■ **माधवकुमार नेपाल**
> अध्यक्ष, एकीकृत समाजवादी

> राजतन्त्र फालेपछि जनता सार्वभौमसत्ता सम्पन्न भएका हुन् । अहिलेको व्यवस्थाबाट पछि फर्कन सम्भव छैन ।
>
> ■ **महेन्द्रराय यादव**
> अध्यक्ष, नेसपा

नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालले मुलुक अब पछाडि फर्कन नसक्ने बताए । इतिहास बनिसकेको राजतन्त्र फर्किने कुरा कल्पनाभन्दा बाहिर भएको उनको भनाइ छ । अध्यक्ष नेपालले समाजवादी मोर्चाको कार्यक्रम 'कास्टिङ' मात्रै भएकाले होसियार रहन प्रतिगामीहरूलाई चेतावनी पनि दिए । 'मोर्चाको यो कार्यक्रम कास्टिङमात्रै हो । प्रतिगामीहरू होसियार भए हुन्छ,' उनले भने ।

अब नेपालमा वंशको शासन असम्भव भएको बताए । 'हामीले २४० वर्षीय वंशको शासन हेरिसकेका छौं । जनतालाई कति लुटे, कति चुसे ? एक-एक घटना सम्झे थाहा हुन्छ । राजतन्त्र फर्किने कुरा कल्पनाभन्दा बाहिरको हो,' उनले भने । पञ्चको शासन ल्याउने कुचेष्टा गरे नराम्रो परिणाम भोग्न तयार हुनुपर्ने उनले चेतावनी दिए ।

नेकपाका महासचिव नेत्रविक्रम चन्दले राजा फर्किने सपना नदेख्न राजसंस्था पक्षधरलाई आग्रह गरे । 'दलाल पुँजीवाद नै खप्न नसक्ने अवस्थामा देश पुगेको छ । नेपालमा ढलेको ध्वस्त भएको शासक फर्किने सम्भावना छैन । श्वेत आतंकवादीहरूले आतंक फैलाइरहेका छन्, बन्दुक पड्कन्छ भनेर । सामन्तीका भूतहरूले शासन गर्ने सपना नदेखे हुन्छ,' चन्दले भने ।

महासचिव चन्दले अन्तिम राजा ज्ञानेन्द्रलाई सामन्तवादी शासकको संज्ञा दिए । उनले देशमा ज्ञानेन्द्रजस्ता शासकको खाँचो नभएको बताए । 'हाम्रा अगाडि ढोकाहरू छन् । अँध्यारो यात्रामा जाने कि उज्यालो यात्रामा जाने प्रश्न छ । यहाँसम्म आएका छौं । पछुतो छैन । कमी कमजोरी भएका होलान् तर इतिहास फर्किंदैन । पूर्वराजा ज्ञानेन्द्रले हेक्का राखे हुन्छ,' उनले भने ।

⏭ क्रमशः पृष्ठ २ मा

**पृष्ठ १ बाट क्रमशः**

## अराजक बन्यो...

प्रसाईं समूहमा राजसंस्था पुनर्स्थापनाका लागि संयुक्त जनआन्दोलन समितिका संयोजक नवराज सुवेदीले आफूहरूलाई जथाभावी अश्रुग्यास प्रहारपछि प्रदर्शनकारी इरिटेड भएको बताए।

'मञ्चमा पुगेपछि धमाधम टियर ग्यास हानियो । घरको छतबाट प्रहरीले १०औं राउण्ड टियर ग्यास हानेपछि अराजकता निम्तियो । घरभरि प्रहरी लुकाएर राखेका रहेछन् । त्यो बुझेर सर्वसाधारण आक्रोशित भए,' सुवेदीले भने, 'यसरी सुरुदेखि नै हामीलाई इरिटेड पार्ने काम भएपछि यस्तो भएको हो । यसको सम्पूर्ण जिम्मेवारी सरकारले लिनुपर्छ।'

राजधानी जस्तो क्षेत्रमा प्रशासनले प्रहरी बढाउन नसक्दा थप क्षति र तोडफोडका घटना भएको प्रस्टै देखिन्छ । २०७९ फागुन १ गते गोगंबु क्षेत्र र २०६१ भदौ १६ मा इराकमा १६ नेपालीको हत्यापछि काठमाडौंमा भएको प्रदर्शनकै झल्को दिनेगरी शुक्रबार प्रदर्शनकारी मिडियामाथि आक्रमणमासमेत उत्रिएको थियो।

■■■

## चौतर्फी...

'लोकतन्त्रको विकल्प अझ समुन्नत लोकतन्त्र हो, कुनै पनि प्रकृतिको राजतन्त्र २१औं शताब्दीको सचेत नेपालीका लागि विकल्प किमार्थ हुन सक्दैन । कांग्रेस सबै राजनीतिक दललाई यसमा स्पष्ट ढंगले उभिन अपिलसमेत गर्दछ,' विज्ञप्तिमा उल्लेख छ । त्यसैगरी नेकपा एमालेले सबै राजनीतिक दल पश्चगमनका दुष्प्रयासका विरुद्ध गोलबन्द हुन आह्वान गरेको छ । एमालेका महासचिव शंकर पोखरेलले शुक्रबार विज्ञप्ति जारी गर्दै सबै राजनीतिक दल, नागरिक समाज र आमनेपाली जनतालाई लोकतन्त्रका पक्षमा र पश्चगमनका दुष्प्रयासका विरुद्ध गोलबन्द हुन आह्वान गरेका हुन्।

'शान्तिपूर्ण प्रदर्शनका नाममा सुरक्षा घेरा तोड्ने, सुरक्षाकर्मीमाथि आक्रमण गर्ने, हतियार खोस्ने, सर्वसाधारण नागरिकका घर, व्यावसायिक भवन, सञ्चार गृह, राजनीतिक दलका कार्यालय र सरकारी भवन माथि आगजनी गर्ने, लुटपाट गर्ने, जानीजानी हिंसा र आतंकलाई दुरुत्साहन गर्ने तथा मुलुकको लोकतान्त्रिक प्रणालीलाई बिथोलेर अराजकतातिर धकेल्ने यस्ता आपराधिक क्रियाकलाप निन्दनीय छन्,' महासचिव पोखरेलले जारी गरेको विज्ञप्तिमा उल्लेख छ।

भृकुटीमण्डपमा प्रदर्शनमा उत्रेको समाजवादी मोर्चा नेपालले प्रदर्शनका नाममा सार्वजनिक तथा निजी सम्पत्तिमाथि आक्रमण गर्ने आपराधिक तत्त्वलाई यथाशीघ्र कडाभन्दा कडा कारबाही गर्न सरकारसँग माग गरेको छ। मोर्चाले शुक्रबार विज्ञप्ति जारी गर्दै राजनीतिक दलको कार्यालय र नागरिकको जनधनको सुरक्षा गर्न सरकारको ध्यानाकर्षण गराएको हो । राजधानीमा आयोजना गरेको जनप्रदर्शनबाट अत्तालिएका यथास्थितिवादी तत्त्वले नेकपा एकीकृत समाजवादीको केन्द्रीय, काठमाडौं जिल्ला कार्यालय, अध्यक्ष माधवकुमार नेपालका भाइ सरोजको निजी निवास, निजी तथा सार्वजनिक सम्पत्ति र सञ्चार गृहमा तोडफोड तथा आगजनी गरेको मोर्चाले जनाएको छ।

मोर्चाले प्रतिगामी षडयन्त्रका विरुद्ध तथा गणतन्त्रको संवर्द्धन र राष्ट्रिय स्वाधीनताको संरक्षणका लागि शुक्रबार आयोजित जनप्रदर्शनमा उल्लेख्य नागरिकको सहभागिताका लागि आभार प्रकट गरेको छ । मोर्चामा नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी, नेकपाल कम्युनिस्ट पार्टी र नेपाल समाजवादी पार्टी आबद्ध छन् । यसैगरी एभिन्युजकर्मीको निधनप्रति विभिन्न पत्रकार संघसंस्थाले निन्दा गरेको छ।

■■■

## हिंसा...

प्रमुख जिल्ला अधिकारी ऋषिराम अधिकारीका अनुसार सो अवधिमा तोकिएको स्थानमा कुनै पनि प्रकारको भेला, जुलुस, प्रदर्शन, सभा, बैठक, घेराउ आदि गर्न नपाइने सूचनामा उल्लेख छ। यद्यपि प्रदर्शनकारी जडीबुटीमा आगजनी गर्न पुगे भने कोटेश्वरको भाटभटेनी सुपरमार्केटमा पनि तोडफोड र लुटपाटमा उत्रिए।यसअघि प्रदर्शनकारीले एकीकृत समाजवादी पार्टीको आलोकनगरस्थित पार्टी कार्यालयमा तोडफोड र आगजनी गरेका थिए।

■■■

## मिश्र र राणा...

टेकबहादुर तामाङले उनीहरूलाई शुक्रबारको घटनाबारे अनुसन्धानका लागि पक्राउ गरिएको जानकारी दिए । प्रहरी स्रोतका अनुसार उनीहरूलाई बिएण्डबी अस्पतालमा घाइते भेटेर फर्किनेक्रमा पक्राउ गरिएको हो । उनीहरूमाथि आन्दोलनमा हिंसा भड्काउने, लुटपाट, तोडफोड तथा आगलागीलगायत कार्य लाग्न आन्दोलनकारीलाई उक्साउन मुख्य भूमिका खेलेको आरोप छ।

यसैगरी स्वागत नेपाललगायत नेतालाई पनि पक्राउ गरिएको प्रहरीले बताएको छ । दिउँसो १२ जनालाई पक्राउ गरिएको थियो । राजसंस्था पुनर्स्थापनाका लागि जनआन्दोलन समितिका संयोजक नवराज सुवेदीलाई उनकै घरमा प्रहरीले नियन्त्रणमा राखिएको पनि स्रोतले बताएको छ।

### प्रसाईं भूमिगत !

सरकारले प्रदर्शनका कमाण्डर दुर्गा प्रसाईंलाई पक्राउको तयारी गरेसँगै उनी भूमिगत भएका छन्। यो समाचार तयार पार्दासम्म उनी पक्राउ परेका छैनन् । प्रहरी स्रोतका अनुसार उनको खोजी भइरहेको छ।

गृह मन्त्रालयले उनलाई पक्राउ गर्न प्रहरीलाई निर्देशन दिइसकेको बताइएको छ। आन्दोलनका क्रममा निषेधित क्षेत्र तोड्न प्रसाईंले आन्दोलनकारीलाई उक्साएका थिए। उनी आफैं गाडी चलाइएर प्रहरी घेरा तोड्दै बानेश्वरतर्फ अगाडि बढेका थिए।

शुक्रबार साँझ भने प्रसाईंले आफूलाई पक्राउ गर्न प्रहरी आउनै नपर्ने चुनौती दिएका थिए । 'साथीहरू भर्खरै मलाई पक्राउ गर्ने बारेको सूचना प्राप्त भएको छ । मलाई पक्राउ गर्न प्रहरी आइरहन पर्दैन, जहाँ बोलाउछौ त्यही आउँछु,' प्रसाईंले सामाजिक सञ्जाल फेसबुकमार्फत भनेका थिए। उनले घटनाका सम्पूर्ण जिम्मेवारी सरकारले लिनपर्नेसमेत बताएका थिए।

■■■

## राजतन्त्र...

र आक्रमण गर्नुका साथै आगो निभाउन हिँडेका दमकल तथा सशस्त्र प्रहरीको गाडीमासमेत ढुंगा प्रहार गरेका जनाएको छ।

आयोगका प्रवक्ता डा. पोखरेलले अनुगमनका क्रममा हिँडेको आयोगको अनुगमन टोलीमाथि प्रदर्शनकारीबाट कोटेश्वरमा सांघातिक आक्रमण गरी अनुगमन टोलीमा संलग्न कर्मचारीलाई घाइते बनाएका बताए । 'प्रहरीले भीड नियन्त्रण गर्न पानीका फोहराको प्रयोग र हवाइ फायर गरेको तथा व्यक्तिको निजी आवास प्रयोग गरी अश्रु ग्यास प्रहार गरेको देखिएको छ,' उनले भनेका छन्।

आयोगले शान्तिपूर्ण विरोध प्रदर्शन गर्न पाउने मानवअधिकारको विषय भएता पनि आफ्नो अधिकारको प्रयोग गर्दा अरुको अधिकारमा असर पार्नु मानवअधिकारको मूल्यमान्यता विपरीत हुनजाने बताएको छ।

■■■

## व्यवस्था...

नेपाल समाजवादी पार्टीका अध्यक्ष महेन्द्रराय यादवले राजतन्त्र फालेपछि जनता सार्वभौमसत्ता सम्पन्न भएको बताए । 'यो बहुभाषिक देश हो । संविधान संघीयता, गणतन्त्र र समावेशी समानुपातिक सबैको हो,' उनले भने, 'जब राजतन्त्र फालियो त्यसपछि जनता सार्वभौमसत्ता सम्पन्न भए ।' उनले वर्तमान सरकार समावेशी र समानुपातिक पद्धति हटाउने तयारीमा रहेको आरोपसमेत लगाए।

---

## Bheemdatt Municipality
## Office of Municipal Executive
Kanchanpur

### Invitation for Bid

(Date of Publication: 2081/12/11)

1. Bheemdatt Municipality, Office of the Municipal Executive, Mahendranagar, Kanchanpur invites electronic bids from eligible bidders for following works

| Contract Number | Description Procurement | Bid Security Amount (NRs) | Bid Documents Fee (NRs) | Last Date of Bid Submission | Date of Bid Opening |
|---|---|---|---|---|---|
| 55/NCB/SSL/ 2081/082 | Supply, Delivery, Testing and Installation of Street Solar Light | NPR- 1,15,000.00 | 3,000.00 | 10th Baishakh 2082 At 12:00 PM | 10th Baishakh 2082, 13:00 PM |

2. Eligible Bidders may obtain further information at Bheemdatt Municipality, Office of Municipal Executive, Mahendranagar, Kanchanpur (Tel- 099-521322,521167) or may visit PPMO's website, http://bolpatra.gov.np/egp.

**Chief Administrative Officer**

---

"पर्यटकीय नगरी"

## सूर्योदय नगरपालिका
## फिक्कल अस्पताल
फिक्कल, इलाम

कोशी प्रदेश, नेपाल

### सिलबन्दी बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(प्रथम पटक प्रकाशित मिति २०८१/१२/१६)

यस कार्यालयबाट Procurement of Medicines and Related Items for Hospital Pharmacy Phase III (FH/NCB/SUPPLY03-081/082) आपूर्ति कार्यको लागि मिति २०८१/११/११ मा प्रकाशित सिलबन्दी बोलपत्र आह्वानको सूचना बमोजिम पेश हुन आएका सिलबन्दी बोलपत्रहरु मध्ये तपसिलमा उल्लेख भएका बोलपत्रहरु आइटम रेटका लागी न्यून मूल्यांकित सारभूत रूपमा प्रभावग्राही भएको हुँदा स्वीकृतिका लागि छनौट भएकोले सार्वजनिक खरिद ऐन (संशोधन सहित) २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सबै सरोकारवालाहरूको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिल**

| S. No. | Lowest Evaluated Substantially Responsive Bidder: | BOQ Item No: | Remarks |
|---|---|---|---|
| 1. | Aman Pharmacy, Birtamode Municipality-07, Jhapa | 1, 2, 13, 17, 20, 21, 38, 56, 57, 65, 109, 113, 115, 123, 136, 137 and 138 | |
| 2. | Helping Health Polyclinic Pvt. Ltd., Kathmandu | 35, 36 and 117 | |
| 3. | Kalima Drug Distributor, Arjundhara Municipality-11, Jhapa | 26, 27, 51, 52, 58, 59, 60, 61, 69, 70, 71, 92, 94, 95, 96, 97, 98, 99, 124, 126, 127, 129, 130, 131 and 132 | |
| 4. | Nawatan Pharma, Birtamode Municipality-03, Jhapa | 85, 87, 88, 89, 90, 91, 93, 114, 118, 125, 140 and 141 | |
| 5. | Shree Ganesh Drug House, Biratnagar, Morang | 4, 10, 12, 19, 32, 47, 48, 49, 50, 54, 55, 62, 63, 66, 67, 68, 72, 73, 77, 78, 86, 87, 102, 103, 104, 110, 111, 115, 121, 134, 139 and 141 | |

**कार्यालय प्रमुख**


**ओमनमा रोजगार** कम्पनी : GLOBAL TRADE NUMBER LLC

पूर्व स्वीकृति मिति : २०८१/१२/१५ LT. No. 321269 चलानी नं. ६०२३५३५८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब OR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Concrete Masons | 5 | 0 | 120 | ४२,६२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Electrical Equipment Technician | 5 | 0 | 120 | ४२,६२० | | | | | | | |
| 3 | General Welder | 5 | 0 | 120 | ४२,६२० | | | | | | | |
| 4 | Stone Mason/brick Mason/tyle Layer | 5 | 0 | 120 | ४२,६२० | | | | | | | |
| 5 | Wiring Electrical Assistant | 5 | 0 | 120 | ४२,६२० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ चैत २३ गते (5th Apr. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt.Lic. No 1726/081/082

S.N.K. FACILITIES MANAGEMENT PVT. LTD.
Bafal-13, Kathmandu, Nepal, T: 01-5922923
Mob: 9851049837, Email:- snkhrc@gmail.com, Web: www.snkmanpower.com

---

**साउदीमा रोजगार** कम्पनी : WADHA SAUD FAHD Al- QAHTANI CAFE FOR SERVING DRINKS

पूर्व स्वीकृति मिति : २०८१/१२/११ LT. No. 320962 चलानी नं. ६०२३५३१९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading and unloading worker/ helper | 2 | 0 | 1000 | ३६,५३८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : SARAH ABDULLAH MOHAMMED Al SAIF FOR SERVING DRINKS EST.

पूर्व स्वीकृति मिति : २०८१/१२/११ LT. No. 320963 चलानी नं. ६०२३५३१८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | FOOD & BEVERAGE | 2 | 0 | 1000 | ३६,५३८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ चैत २३ गते (5th April 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

SKY BLUE H.R. SOLUTION PVT.LTD
Sinamangal-9, Gairigaun, Kathmandu, Nepal, Tel: 01-4593566, 9802358961/65, Emal: skybluehrsolutionspvtltd@gmail.com, Web: www.skybluehr.com

---

**कुवेतमा रोजगार** कम्पनी : WOW MILKY FOOD COMPANY

पूर्व स्वीकृति मिति : २०८१/१२/०५ LT. No. 315555 चलानी नं. ६०२२९८१५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant Chef | 2 | 0 | 150 | ६७,०३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ चैत २३ गते (5th April 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

ERN EXPRESS Govt. License No. 1613/079/080

EXPRESS RECRUITER NEPAL PVT. LTD
Dhumbarahi-4, Kathmandu, Nepal, Ph. No: +977-01-5916897,5917897, E-mail : expressrecruiternepal.com, expressrecruiter.nepal@gmail.com

---

**युएइमा रोजगार** कम्पनी : BAIT AL YAQOOT BUILDING MAINTENANCE AND CLEANING SERVICES L.L.C

पूर्व स्वीकृति मिति : २०८१/१२/१५ LT. No. 321248 चलानी नं. ६०२३५३३४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Mason (Nepal) | 6 | 0 | 1200 | ४४,७७७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Steal Fixer | 6 | 0 | 1200 | ४४,७७७ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ चैत २३ गते (5th April 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Government License No. 1180/073/74

Fine Job Recruitment Pvt. Ltd.
Gyanjyoti Marga-4, Maharajgung, Kathmandu, Phone No. 01-4110722 / 4110721, 9801061512
E-mail : finejobrecruitment@gmail.com, GPO Box No.:- 6163 , web:- www.finejob.com.np

---

**साउदीमा रोजगार** कम्पनी : Lulu Saudi Hypermarkets

पूर्व स्वीकृति मिति : २०८१/१२/१४ LT. No. 321226 चलानी नं. ६०२३५३२८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Oridinary Labourer (Shelf Stacker) | 50 | 0 | 1000 | ३६,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ चैत २३ गते (5th April 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

JOB SEEKER MANPOWER Pvt. Ltd.
Gongabu-9, Kathmandu, Nepal. Tel : +977-4390133, 4355356, 4355356,
E-mail : info@jobseekermanpower.com.np, Website :www.jobseekermanpower.com.np
श्रम इजाजत नं. २३५/०५८/०५९

---

**कतारमा रोजगार** कम्पनी : AL SHERA TRADING AND CONTRACTING WLL

पूर्व स्वीकृति मिति : २०८१/०६/१४ पूर्व स्वीकृति मिति : २०८१/१२/१५ LT. No. 311573 चलानी नं. ६०२३४८७७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant | 1 | 0 | 1200 | ४५,१२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Driver | 1 | 0 | 1500 | ५६,४१० | | | | | | | |
| 3 | General Cleaning Worker | 1 | 0 | 1000 | ३७,६०५ | | | | | | | |
| 4 | Mason. | 2 | 0 | 1200 | ४५,१२५ | | | | | | | |
| 5 | Receptionist | 1 | 0 | 2100 | ७८,९७० | | | | | | | |
| 6 | Representative | 1 | 0 | 2200 | ८२,७३० | | | | | | | |
| 7 | Sales-Man | 1 | 0 | 1500 | ५६,४१० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ चैत २३ गते (5th April 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

MINAWA Govt.Lic. No- 1168/073/074

MINAWA RECRUITMENT H.R. PVT LTD
Pingalasthan-09, Kathmandu (Nepal), T: 01-4591510, 01-4591511
E:-minawarecruitment@gmail.com I w:-www.minawarecruitment.com

---

**युएइमा रोजगार** कम्पनी : JAWAID MIRZA TECHNICAL SERVICES CO. L.L.C

पूर्व स्वीकृति मिति : २०८१/१२/१५ LT. No. 321333 चलानी नं. ६०२३५३८४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 2 | 0 | 1200 | ४४,७७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cleaners (Male) | 1 | 0 | 1000 | ३७,३१५ | | | | | | | |
| 3 | Steel Fixer | 1 | 0 | 1200 | ४४,७७५ | | | | | | | |
| 4 | Stone Mason | 1 | 0 | 1200 | ४४,७७५ | | | | | | | |
| 5 | Tile Polisher | 1 | 0 | 1200 | ४४,७७५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ चैत २३ गते (5th April 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Glocal Workforce Nepal Govt.Lic. No 1722/081/082

GLOCAL WORKFORCE NEPAL PVT. LTD.
Golfutar-8, Budhanilkantha (Near Basketball court), Kathmandu, Nepal, +9779801095962(Whatsapp), +9779802374835,+9779801095962, Web: www.workforcenepal.com

---

**युएइमा रोजगार** कम्पनी : ALSARH RECRUITMENT SOLE PROPRIETORSHIP L.L.C

पूर्व स्वीकृति मिति : २०८१/१२/१५ LT. No. 321272 चलानी नं. ६०२३५३४८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Worker/Labour | 200 | 0 | 800 | २९,८५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ चैत २३ गते (5th Apr. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Gulf Link Overseas Pvt. Ltd.
Basundhara Chauki, Kathmandu, Nepal. Tel: + 977-1-4958004
Email: info@gulflinkoverseas.com, gulflinkoverseaspvtltd@gmail.com, Website: www.gulflinkoverseas.com
श्रम इजाजत नं. ५८३/०६२/०६३

# घिसिङ र शाक्य दुवैको रिटमा लिखित जवाफ माग

## आइतबार दुवैपक्षलाई छलफलमा बोलायो

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल विद्युत् प्राधिकरणको कार्यकारी निर्देशकबाट बर्खास्तगीमा परेका कुलमान घिसिङले पुनर्बहालीको मागसहित दर्ता गरेको रिटमा सर्वोच्च अदालतले कारण देखाऊ आदेश जारी गरेको छ । न्यायाधीश अब्दुल अजीज मुसलमानको एकल इजलासले शुक्रबार सुनुवाइ गर्दै सरकारको नाममा यस्तो आदेश जारी गरेको हो ।

घिसिङले प्राधिकरणको कार्यकारी निर्देशक पदबाट आफूलाई हटाउने सरकारको निर्णयविरुद्ध अन्तिम आदेशको माग गर्दै रिट निवेदन दायर गरेका थिए । अदालतले लिखित जवाफ माग गर्दै अन्तरिम आदेश हुने वा नहुने विषयमा दुवै पक्षलाई छलफलका लागि यही चैत १७ बोलाएको छ ।

आदेशमा भनिएको छ, 'यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिम आदेश किन जारी हुन नपर्ने हो ? मागबमोजिमको आदेश जारी हुनु नपर्ने कुनै आधार, कारण र प्रमाण भए सबुद प्रमाणसहित म्याद सूचना तामेल भएको मितिले बाटोको म्यादबाहेक १५ दिनभित्र महान्यायाधिवक्ता कार्यालयमार्फत आफैं वा आफ्नो कानुनबमोजिमको प्रतिनिधिमार्फत लिखित जवाफ पेस गर्नुहोला ।'

चार महिना कार्यकाल बाँकी रहँदा गत सोमबारको मन्त्रिपरिषद् बैठकले घिसिङलाई नेपाल विद्युत् प्राधिकरणको कार्यकारी निर्देशकबाट बर्खास्त गरी हितेन्द्रदेव शाक्यलाई नियुक्त गरेको थियो ।

### शाक्यको निवेदनमा लिखित जवाफ माग

सर्वोच्च अदालतले प्राधिकरणका नवनियुक्त कार्यकारी निर्देशक शाक्यले दायर गरेको रिट निवेदनमा पनि लिखित जवाफ माग गरेको छ । उनको रिट पनि न्यायाधीश मुसलमानकै इजलासमा परेको थियो । न्यायाधीश मुसलमानको एकल इजलासले शुक्रबार लिखित जवाफ माग गर्दै यही चैत १७ गते अन्तरिम आदेश जारी गर्ने वा नगर्ने भन्ने विषयमा छलफलका लागि बोलाउने आदेश गरेको छ । 'यसमा के-कसो भएको हो ? निवेदकको मागबमोजिम आदेश किन जारी हुन नपर्ने हो ? मागबमोजिमको आदेश जारी हुनु नपर्ने कुनै आधार, कारण र प्रमाण भए सबुद प्रमाणसहित म्याद सूचना तामेल भएका मितिले बाटोको म्यादबाहेक १५ दिनभित्र महान्यायाधिवक्ता कार्यालयमार्फत लिखित जवाफ पेस गर्न,' आदेशमा भनिएको छ ।

आदेशमा उक्त निवेदनमा सुनुवाइ प्राथमिकतासहित अग्राधिकार दिई नियमानुसार पेस गर्नुका साथै प्रस्तुत विवादसँग सम्बन्धित मिसिल कागज प्रमाणहरू महान्यायाधिवक्ताको कार्यालयमार्फत छलफल पेशीका दिन लिई आउनु भनिएको छ । रिट निवेदनमा आफ्नो सेवाको सर्तअन्तर्गत मन्त्रिपरिषद्ले निर्धारण गरेको चार वर्षको पदावधिलाई सम्झौताको दफा ३.१ मा २०७७ माघ २९ गतेदेखि २०८१ माघ २८ सम्म कायम गरेको भन्दै त्यसको न्याय निरूपण नगरी थप प्रक्रिया अघि नबढाउन माग गरिएको छ । निवेदनपत्रमा शाक्यले २०७८ साउन २७ गते 'इमेल'को माध्यमबाट प्राधिकरणको कार्यकारी निर्देशक पदबाट हटाई जल तथा ऊर्जा आयोगको ऊर्जा विशेषज्ञ सदस्य पदमा नियुक्त गरिएको उल्लेख छ ।



निवेदनमा भनिएको छ, 'मन्त्रिपरिषद्को २०७८ साउन २५ को निर्णयानुसार नेपाल विद्युत् प्राधिकरणको कार्यकारी निर्देशक पदमा खाईपाई आएसरहको पारिश्रमिक तथा सुविधा उपलब्ध गराउने गरी नेपाल विद्युत् प्राधिकरणबाट जल तथा ऊर्जा आयोगको ऊर्जा विशेषज्ञ सदस्य पद (नेपाल सरकारको विशिष्ट श्रेणीसरह)मा पूरा समय काम गर्नेगरी चार वर्षका लागि नियुक्ति गरिएको थियो ।'

अदालतले उक्त विवादमा २०७८ भदौ ८ मा मिसिलसमेत झिकाउने आदेश गरेको थियो । साथै २०७८ साल असोज ५ मा सुनुवाइ हुँदा अन्तरिम आदेश जारी गर्नु परेन भनी आदेश भएको थियो । त्यसपछि उक्त मुद्दाको सुनुवाइका लागि २०७७ जेठ १ देखि २०८१ माघ २१ सम्म पटक-पटक पेसी सूचीमा चढेकामा हेर्न नभ्याएको तथा बेन्च नबसेको जस्ता कारणबाट सुनुवाइ हुनसकेको थिएन । रिट निवेदनमा पदमा रही कार्य गरेबापत प्राप्त हुने आर्थिक लाभसमेतबाट वञ्चित भएको पनि शाक्यले उल्लेख गरेका छन् ।


## नाम परिवर्तन गरिएको सूचना

**दोस्रो पटक प्रकाशित मितिः २०८१/१२/१६**

यस कम्पनीको मिति २०८१/१०/०२ मा सम्पन्न विशेष साधारण सभा बैंठकको निर्णय बमोजिम साविक कम्पनी **दास अन्लाइन कोन्टेस्ट् प्रा.लि.** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ती तथा तिर्नु ब्यहोर्नु पर्ने कर दायित्व आदि परिवर्तित नामको कम्पनीले सकार्ने ब्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंको मिति २०८१/१०/०७ गतेको पत्रानुसार काठमाडौं महानगरपलिका-३२, काठमाडौंमा राख्न स्वीकृति सहित कम्पनीको नाम परिवर्तन गरी **कुमार ट्रेडिङ कम्पनी (प्रा.लि.नं. ३३७७२१)** कायम गरिएको व्यहोरा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

## एनएमबि बैंक लिमिटेड
बबरमहल, काठमाडौं फोन नं: ५३४६१६०

### हकदाबी गर्न आउने बारेको ३५ (पैंतीस) दिने सार्वजनिक सूचना
प्रकाशित मितिः २०८१/१२/१६

यस बैंकको निक्षेपकर्ता श्री लामबोधर प्रधानको नातीनी, श्री खडक बहादुर प्रधानको छोरी, काठमाण्डौ जिल्ला, काठमाण्डौ महानगरपालिका, वडा नं. ९ बस्ने श्रीमती अम्बिका श्रेष्ठ (ना.प्र.प.नं. २७१०६०/३४८८९, जारी मिति २०६५/११/१८) ९२ वर्षको उमेरमा मिति २०८१/०४/०३ गते निधन भएकोले मृतकको नाममा यस बैंकमा खोलिएको बचत खातामा रहेको रकमहरु उपलब्ध गराई दिनुहोस् भनी निजको एकाघरको छोरी संगीता श्रेष्ठले मृत्यु दर्ताको प्रमाणपत्र, नाता प्रमाणपत्र लगायतका कागजातहरु समेत संलग्न गरी निवेदन दिनु भएको हुँदा निज निक्षेपकर्ताको निक्षेपमा निवेदक बाहेक अन्य कुनै ब्यक्तिको हकदाबी रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र हकदाबी गर्न आउनु हुन अनुरोध छ । अन्यथा उपरोक्त बमोजिमको निक्षेप रकमहरुमा निवेदकको माग बमोजिम मृतकको छोरी संगीता श्रेष्ठको हक कायम हुने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## शिलबन्दी दरभाउ पत्रको प्रक्रियाबाट वन पैदावर लिलाम बिक्रीको सूचना

**प्रथम पटक प्रकाशित मितिः- २०८१/११/१६**

यस कराँलेखोला सा.व.उ.स. तिनपाटन गा.पा.-०३, सिन्धुलीको नियमानुसार कटान मुछान भइ उत्पादित काठ दाउरा डिभिजन वन कार्यालय सिन्धुली (सिन्धुली माढी)को बाहिय बिक्रिका लागि लिलाम सहमति बमोजिम समूहको घाटगद्दीमा रहेको विभिन्न ग्रेडका साल जातको गोलिया थान ५१ को ६१६।५८ क्यूफिट काठ हाल जे-जस्तो अबस्थामा छ । सोही अबस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरि लिलाम बिक्री गर्नुपर्ने भएकोले यो २१ दिने सूचना प्रकाशित गरिएको छ । विस्तृत पूर्ण व्यहोराको सूचना तथा जानकारीको लागि समुदायको कार्यालयमा सूचना टाँस गरिएको छ ।

**किराँलेखोला सा.व.उ.स.**
**तिनपाटन गा.पा.-०३, सिन्धुली**

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

### कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति २०६६/०९/१२ मा दर्ता भएको **प्रा.लि.नं. ६८९३०** को **धादिङ्ग पोलिक्लिनिक एण्ड रिसर्च सेवा प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८१/१०/१८ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ को उपदफा (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
भूमि सुधार तथा मालपोत कार्यालय
सर्लाही मलंगवा

### ३५ (पैतिस) दिने सार्वजनिक सूचना !

**जि.सर्लाही साविक गा.वि.स.हथिऔल (जमुनिया) वडा नं.७ हाल बलरा न.पा.वडा नं.१ मा बस्ने राम भरोस सहनी नाउँको हकदावी गर्न आउने बारेको सूचना ।**

